# नेपाल धितोपत्र बोर्ड

नीति, अनुसन्धान तथा प्रशिक्षण विभाग

खुमलटार, ललितपुर ।




## Global Money Week 2024 का अवसरमा वित्तीय शिक्षा तथा सचेतना अभिवृद्धि कार्यक्रम संचालन सम्बन्धमा ।

---

सन् २०१२ देखि बालबालिका र युवाहरूमा वित्तीय साक्षरता अभिवृद्धि गर्दै वित्तीय ज्ञान, सीप र मनोवृत्तिको विकास गर्ने उद्देश्यका साथ Organization of Economic Cooperation and Development(OECD) को संयोजनमा सन् २०१२ देखि **Global Money Week 2024** मनाउन शुरूवात भएको थियो। उक्त संस्थाले सन् २०२४ मार्च १८-२४ (२०८० चैत्र ५-११) सम्म **'Protect Your Money, Secure Your Future'** भन्ने नाराका साथ Global Money Week को १२ औं संस्करण संचालन गर्न आव्हान गरे बमोजिम नेपाल राष्ट्र बैंकको समन्वय तथा वित्तीय क्षेत्रका सम्पूर्ण नियमन निकायहरूको सह आयोजनामा विविध कार्यक्रम आयोजना गर्ने तय भएको छ।

**Global Money Week 2024** को अवसरमा नेपालको धितोपत्र बजारमा संलग्न ६२ लाख भन्दा बढी डिम्याट खाता, २१ लाख भन्दा कारोबार खाता खोलेका लगानीकर्ताका साथै भविष्यमा बजारमा प्रवेश चाहने सर्वसाधारणहरूलाई वित्तीय साक्षरता (पुँजी बजार) सम्बन्धी शिक्षा तथा सचेतना अभिवृद्धि गर्न **बोर्डबाट अनुमतिपत्र प्राप्त धितोपत्र बजार सञ्चालक एवं धितोपत्र व्यवसायीहरू**लाई देशभर लगानीकर्ता शिक्षा तथा सचेतना, निबन्ध प्रतियोगिता, Capital Market Quiz लगायतका विविध कार्यक्रम सञ्चालन गरी भव्य रूपमा मनाउनका लागि यसै सूचना द्वारा आव्हान गरिन्छ ।